राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ४९ २०८३ भदौ २१ गते आईतवार (6 Sep. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## दुई करोड ४० लाखका एयरपड्स बरामद

### महोत्तरीको मगरथानाबाट १२ सय थान एप्पल एयरपड्स बरामद, ल्याउने व्यक्ति फरार



दैनिक समाचारदाता
महोत्तरी, २० भदौ। महोत्तरीको सोनमा गाउँपालिका-६ मगरथानाबाट सशस्त्र प्रहरीले करिब दुई करोड ४० लाख रुपियाँ मूल्य बराबरका एप्पल कम्पनीका एक हजार दुई सय थान एयरपड्स बरामद गरेको छ। सशस्त्र प्रहरी नायब महानिरीक्षक एवं प्रवक्ता नेत्रबहादुर कार्कीका अनुसार भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा शनिबार बिहान उक्त परिमाणका एयरपड्स बरामद गरिएको हो।

सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण महोत्तरीका सशस्त्र प्रहरी निरीक्षक राजेन्द्रबहादुर कार्की, सीमा सुरक्षा गुल्म रघुनाथपुरका सशस्त्र प्रहरी नायब उपरीक्षक गणेशदत्त पाण्डे र बोर्डर आउट पोस्ट खैरवनीका सशस्त्र प्रहरी निरीक्षक कृष्ण गिरीको नेतृत्वमा खटिएको टोलीले एयरपड्स बरामद गरेको जनाइएको छ। सशस्त्र प्रहरीको गस्ती टोलीलाई देखेपछि एयरपड्स ल्याउने व्यक्ति सामान छाडेर फरार भएका थिए। बरामद एयरपड्स आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सम्बन्धित निकायमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

## जन्माष्टमीमा सद्भाव र सेवाभावको सन्देश

दैनिक समाचारदाता
जनकपुरधाम, २० भदौ। मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्ण र मुख्यमन्त्री कृष्णप्रसाद यादवले श्रीकृष्णजन्माष्टमीका अवसरमा प्रदेशवासीसहित स्वदेश तथा विदेशमा रहेका नेपालीमा शुभकामना व्यक्त गर्नुभएको छ।

शुभकामना सन्देशमा उहाँहरूले श्रीकृष्णजन्माष्टमीले सामाजिक एकता, भाइचारा, सहिष्णुता, सद्भाव तथा सेवाभावलाई थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभएको छ।

प्रदेश प्रमुख कर्णले देशका विभिन्न भागमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएको विषम परिस्थितिप्रति दुःख व्यक्त गर्दै विपत्मा परेका नागरिकलाई सहयोग र राहत पुऱ्याउनु सबैको दायित्व भएको बताउनुभएको छ।

शुक्रबार जारी गर्नुभएको शुभकामना सन्देशमा प्रदेश प्रमुख कर्णले भगवान् श्रीकृष्णको जीवनदर्शन तथा श्रीमद्भगवद्गीताको उपदेशले सङ्कटको घडीमा विचलित नभई कर्तव्यपथमा दृढ रहन र निःस्वार्थ मानवसेवामा समर्पित हुन प्रेरणा दिने उल्लेख गर्नुभएको छ।

विपत्मा परेका नागरिकप्रति सहानुभूति प्रकट गर्दै उनीहरूको सहयोगमा जुट्नु र उच्च मनोबलका साथ अघि बढ्नु नै श्रीकृष्णप्रतिको सच्चा भक्ति तथा जन्माष्टमीको वास्तविक सार्थकता भएको उहाँको भनाइ छ।

बाँकी पृष्ठ ४ मा

## बाढीपहिरो मृतकको सम्झनामा जनकपुरमा श्रद्धाञ्जली

दैनिक समाचारदाता
जनकपुरधाम, २० भदौ। रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा गत भदौ १० गते आएको विनाशकारी बाढीपहिरोमा परी ज्यान गुमाएकाहरूको सम्झनामा मानव अधिकारकर्मी तथा विभिन्न सामाजिक संघसंस्थाले जनकपुरधाममा श्रद्धाञ्जली सभा आयोजना गरेका छन्।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलको अध्यक्षतामा आयोजित सभालाई सम्बोधन गर्दै मधेश प्रदेशका सभामुख रामअशिष यादवले मुलुक अहिले प्राकृतिक विपद्को गम्भीर संकटमा रहेको भन्दै पीडितको उद्धार, राहत र पुनःस्थापनामा सबैले मानवीय दायित्व निर्वाह गर्नुपर्ने बताए।

"यो संकटको घडी हो। बाढीपहिरोबाट प्रभावित नागरिकलाई हाम्रो साथ र सहयोग आवश्यक छ," उनले भने, "उद्धार र राहतका लागि हामी सबै मिलेर हातेमालो गर्नुपर्छ।"




मृतकहरूको सम्झनामा दीप प्रज्वलन गर्दै सभामुख यादवले विपद्का बेला मानव अधिकारकर्मी तथा सामाजिक संघसंस्थाले सक्रियतापूर्वक मानवीय सेवा गरिरहेको उल्लेख गरे। उनले विपद्पीडितको सहयोगमा भइरहेको यस्तो मानवीय अभियानलाई निरन्तरता दिन आग्रह गरे।

श्रद्धाञ्जली सभामा राष्ट्रिय मानव अधिकार आयोगका बुद्धनारायण सहनी, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का राजु पासमान, आफन्त नेपालकी अमृता घिमिरेलगायत मानव अधिकारकर्मी तथा इम्नेष्टी, कायापलटसहित विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो।

भोटेकोशी बाढी तथा त्यसपछिको बाढीपहिरोमा परी हालसम्म १ हजार २५० जनाको मृत्यु भएको जनाइएको छ। मधेश प्रदेशका मात्रै १६२ जना अझै सम्पर्कविहीन रहेको बताइएको छ।

## प्रदेशलाई अधिकार नदिए सङ्घीयताको औचित्य छैन : मन्त्री प्रजापती

### संघले प्रदेशका अधिकार खोसेको आरोप, लाइसेन्स सफ्टवेयरमा गम्भीर त्रुटि आएको दाबी

दैनिक समाचारदाता
काठमाडौं २० भदौ। बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतीले सङ्घीय सरकारले प्रदेश सरकारलाई पर्याप्त अधिकार नदिएको आरोप लगाउनुभएको छ।

शनिबार काठमाडौँमा आयोजित एक कार्यक्रममा उहाँले प्रदेश सरकार गठन भएको लामो समय बितिसक्दा पनि सङ्घीय सरकारले अधिकार हस्तान्तरणमा कन्जुस्याइँ गरेको बताउनुभयो। कतिपय प्रदेशका अधिकारसमेत सङ्घीय सरकारले आफूमातहत ल्याएको उहाँको आरोप छ।

प्रदेश सरकारलाई सीमित अधिकारमा राखेर सङ्घीयता कार्यान्वयन हुन नसक्ने उल्लेख गर्दै मन्त्री प्रजापतीले पर्याप्त अधिकार नदिने हो भने प्रदेश संरचना कायम राख्नुको औचित्य नरहने बताउनुभयो। उहाँका अनुसार प्रदेश सरकारको भूमिका बजेट विनियोजन, कर सङ्कलन तथा मन्दिर, सडक र खानेपानीजस्ता पूर्वाधार निर्माणमा मात्र सीमित पारिएको छ।

पर्यटन क्षेत्रको अधिकांश अधिकार सङ्घीय सरकारकै नियन्त्रणमा रहेको दाबी गर्दै उहाँले प्रदेशले सञ्चालन गर्दै आएको सवारी चालक अनुमतिपत्र ( लाइसेन्स) वितरण प्रणालीमा समेत सङ्घीय सरकारले हस्तक्षेप गरेको बताउनुभयो।

बागमती प्रदेशले सञ्चालन गर्दै आएको लाइसेन्ससम्बन्धी सफ्टवेयर व्यवस्थित रूपमा चलिरहेको अवस्थामा सङ्घीय सरकारले सातै प्रदेशमा नयाँ प्रणाली लागू गर्दा गम्भीर समस्या देखिएको उहाँको दाबी छ। नयाँ सफ्टवेयरमा भुक्तानी रकम, सेवाग्राहीको नाम तथा प्रदेश नै फरक देखिने गरेको उहाँले बताउनुभयो।

मन्त्री प्रजापतीले भन्नुभयो, 'प्रदेशमा केही पनि अधिकार छैन। यहाँ मन्त्री भएर मैले सम्मान खाने अनि दुई शब्द बोल्ने मात्र भएको छ। पर्यटन क्षेत्रमा सम्पूर्ण अधिकार सङ्घले नै कब्जा गरेको छ, प्रदेशको ठाउँ नै छैन।'


लाइसेन्स सफ्टवेयरमा देखिएको त्रुटिबारे उहाँले ५० हजार रुपियाँ तिरेकोमा ३० हजार रुपियाँ देखिने, एक व्यक्तिले फाराम भर्दा अर्कै व्यक्तिको नाम देखिने तथा एउटा प्रदेशको फाराम अर्को प्रदेशमा देखिने समस्या आएको दाबी गर्नुभयो। निलो नम्बर प्लेटका सवारीसाधनको धनीको नाममा समेत गैरसरकारी व्यक्तिको नाम देखिएको उहाँको भनाइ छ।

यस विषयमा आफूले सङ्घीय भौतिक पूर्वाधार विकासमन्त्रीसँग फोन र सन्देशमार्फत सम्पर्क गर्न खोजे पनि सकारात्मक प्रतिक्रिया नपाएको गुनासो उहाँले गर्नुभयो। जनताले तिरेको करबाट सञ्चालन हुने सरकारी सेवा नागरिकले सहज




रूपमा पाउनुपर्नेमा प्राविधिक त्रुटिका कारण उनीहरूले थप सास्ती खेप्नुपरेको उहाँले बताउनुभयो। मन्त्री प्रजापतीले नेपालका धर्म, संस्कृति, रहनसहन र परम्पराको संरक्षणमा पनि जोड दिनुभयो। युवाको विदेशिने क्रम बढेसँगै मौलिक संस्कृति र परम्परा कमजोर हुँदै जाने जोखिम रहेको भन्दै उहाँले सनातनदेखि चलिआएका रीतिरिवाज तथा संस्कृति नेपाली समाजको अमूल्य सम्पत्ति भएको बताउनुभयो।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# बाढीपछि फर्किएको आशा

कहिलेकाहीँ एउटा खबरले मानिसको जीवनमा छाएको अन्धकारलाई एकैछिनमा उज्यालोमा बदलिदिन्छ । शुक्रबार बिहान तिलाठी कोइलाडी गाउँपालिका-४ कुशहास्थित साह परिवारमा आएको खबर यस्तै थियो 'सञ्जयको जीवितै उद्धार भयो ।'

भोटेकोशीमा आएको भीषण बाढीपछि सम्पर्कविहीन भएका ३१ वर्षीय इञ्जिनियर सञ्जय साहलाई नेपाली सेनाको टोलीले त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङबाट जीवितै उद्धार गर्नु केवल एउटा परिवारका लागि खुसीको खबर होइन, विपद्को अन्धकारबीच पनि आशा जीवित राख्नुपर्ने शक्तिशाली सन्देश हो ।

भदौ १० गते बिहान परिवारसँग अन्तिमपटक कुराकानी गरेका सञ्जय त्यसपछि सम्पर्कविहीन भए । दिन बित्दै जाँदा परिवारको चिन्ता बढ्दै गयो। मोबाइलमा फोन आउला, कुनै खबर प्राप्त होला भन्ने आशामा परिवारका सदस्यहरू प्रतीक्षामा रहे। समयसँगै आशा कमजोर बन्दै गएको अवस्थामा शुक्रबार आएको उद्धारको खबरले साह परिवारमा खुसीका आँसु ल्यायो ।

यो घटनाले विपद्का बेला परिवारले भोग्ने मानसिक पीडालाई पनि उजागर गर्छ। प्राकृतिक विपद्ले घर, सम्पत्ति र भौतिक संरचना मात्र बगाउँदैन, त्यसले परिवारको भविष्यप्रतिको भरोसासमेत हल्लाइदिन्छ। आफन्त सम्पर्कविहीन हुँदा उनीहरूका लागि प्रत्येक घण्टा वर्षजस्तै हुन्छ। त्यसैले खोज तथा उद्धारको काममा एक दिनको ढिलाइ पनि परिवारका लागि असह्य प्रतीक्षा बन्न सक्छ ।

सञ्जयको जीवित उद्धारले अर्को महत्वपूर्ण तथ्य पनि प्रमाणित गरेको छ–आशा छाड्नु हुँदैन। विपद्को अवस्थामा कुनै व्यक्ति लामो समयसम्म सम्पर्कविहीन हुँदैमा उसको जीवन समाप्त भएको निष्कर्षमा पुगिहाल्नु हुँदैन। सम्भावित स्थानको निरन्तर खोजी, आधुनिक प्रविधिको प्रयोग, सुरक्षा निकायबीचको समन्वय र उद्धार टोलीको दृढ प्रयासले असम्भवजस्तो देखिएको अवस्थामा पनि जीवन बचाउन सकिन्छ।

यस घटनामा नेपाली सेनाको उद्धार टोलीको प्रयास प्रशंसनीय छ। तर यस्ता सफल उद्धारलाई केवल एउटा सुखद अपवादका रूपमा हेरेर पुग्दैन। विपद् व्यवस्थापनलाई अझ वैज्ञानिक, प्रविधिमैत्री र पूर्वतयारीमा आधारित बनाउन आवश्यक छ। बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्का बेला खोज तथा उद्धारका लागि आवश्यक उपकरण, दक्ष जनशक्ति, सञ्चार प्रणाली र समन्वय संयन्त्रलाई निरन्तर सुदृढ बनाउनुपर्छ ।

सञ्जयकी साढे दुई वर्षकी छोरीले फेरि आफ्ना बुबाको आवाज सुन्न पाएकी छन्। आमाबुवाले हराएको छोरा भेटेका छन्। श्रीमतीले पतिको जीवन सुरक्षित रहेको खबर पाएकी छन्। यो खुसी एउटा परिवारमा सीमित छैन; यसले विपद्बाट प्रभावित सबै परिवारलाई एउटा सन्देश दिएको छ–निराशाबीच पनि आशाको एउटा ढोका खुला रहन्छ।

त्यसैले सञ्जयको उद्धारलाई एउटा परिवारको पुनर्मिलनको घटनाका रूपमा मात्र होइन, विपद्को समयमा राज्य, सुरक्षा निकाय र समाजले मानवीय संवेदनालाई केन्द्रमा राखेर निरन्तर प्रयास गर्नुपर्ने प्रेरणाका रूपमा लिनुपर्छ। बाढीले धेरै कुरा खोसेको हुन सक्छ, तर सञ्जयलाई जीवित फर्काएको यो घटनाले एउटा अमूल्य कुरा भने जोगाएको छ मानिसको आशा ।

# विपद्मा प्रधानमन्त्रीको बोली र प्रविधिमाथिको हाम्रो भ्रम

हिरा विश्वकर्मा

रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीपछि उद्धार कार्यमा भइरहेको ढिलाइलाई लिएर प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मा दिएको अभिव्यक्तिले बहस जन्माएको छ। सुरुङभित्र ठूलो मात्रामा लेदो, माटो र गेग्रान भरिएकाले तत्काल उद्धार गर्न सक्ने प्रविधि विश्वमै उपलब्ध नभएको आशय उनको अभिव्यक्तिमा प्रकट भएको थियो।

तर यस विषयलाई केवल प्रधानमन्त्री सही वा गलत भन्ने राजनीतिक आँखाबाट हेर्नु उचित हुँदैन। यस घटनाले नेपालको प्राविधिक क्षमता, सङ्कट व्यवस्थापन र नेतृत्वको शैलीबारे अझ गम्भीर प्रश्न उठाएको छ।




सबैभन्दा पहिले एउटा कुरा स्वीकार गर्नुपर्छ- रसुवाको उद्धार कार्य असाधारण रूपमा जटिल छ। भोटेकोशी नदीमा आएको बाढीले जलविद्युत् आयोजनाका सुरुङहरूमा ठूलो मात्रामा लेदो, माटो, ढुङ्गा र गेग्रान पसेको छ। कतिपय ठाउँमा पहुँचमार्ग समेत क्षतिग्रस्त भएका छन्।

यस्तो अवस्थामा सामान्य रूपमा प्रयोग हुने एस्काभेटर, पम्प वा ड्रिलिङ उपकरण मात्र प्रयोग गरेर सुरुङभित्र पुग्नु सहज हुँदैन। सुरुङको संरचनात्मक अवस्था, पानीको बहाव, थप पहिरो वा भासिने जोखिम तथा फसेका व्यक्तिहरूको सम्भावित स्थान जस्ता अनेक पक्षलाई एकसाथ विचार गर्नुपर्छ।

त्यसैले प्रधानमन्त्रीले 'यो अत्यन्त जटिल प्राविधिक समस्या हो' भन्नुभएको भए त्यसमा प्रश्न उठाउने ठाउँ कम हुन्थ्यो। समस्या तब उत्पन्न हुन्छ, जब 'अहिले उपलब्ध साधनबाट तत्काल समाधान निकाल्न अत्यन्त कठिन छ' भन्ने यथार्थलाई 'विश्वमै यसको प्रविधि छैन' भन्ने निष्कर्षका रूपमा प्रस्तुत गरिन्छ। यी दुई कुरा एउटै होइनन्।

***प्रधानमन्त्री स्वयं इन्जिनियर हुनुको अर्थ***

प्रधानमन्त्री बालेन्द्र शाह स्वयं स्ट्रक्चरल इन्जिनियर हुन्। त्यसैले विपद्को प्राविधिक पक्षबारे उनको धारणा सामान्य राजनीतिज्ञको भन्दा बढी गम्भीर तापूर्वक लिइन्छ। तर इन्जिनियर हुनुको अर्थ सबै समस्याको समाधान आफैंसँग हुनु होइन। बरु इन्जिनियरिङको एउटा महत्त्वपूर्ण गुण नै समस्याको जटिलता र आफ्नो ज्ञानको सीमालाई पहिचान गर्नु हो।

कुनै पनि असाधारण प्राविधिक समस्यामा पहिलो प्रश्न 'यसको समाधान छ कि छैन ?' मात्र होइन। प्रश्न हुन्छ- 'कुन विकल्प उपलब्ध छन्, तिनको जोखिम कति छ, संसारमा यस्ता समस्या कसरी समाधान गरिएका छन् र अहिलेको परिस्थितिमा कुन उपाय सुरक्षित हुन सक्छ ?'

यही कारणले नेपालले अहिले भारत, चीन, कोरिया र अस्ट्रेलिया लगायत देशका विज्ञ तथा प्राविधिक टोलीको सहयोग खोजिरहेको छ। यसले एउटा महत्त्वपूर्ण कुरा देखाउँछ- नेपालसँग आफ्नो क्षमता भए पनि अन्तर्राष्ट्रिय ज्ञान र अनुभव आवश्यक पर्ने अवस्था आएको छ।

त्यसैले 'विश्वमै यस्तो समस्या समाधान गर्ने विशेषज्ञता छैन' भन्ने पूर्ण दाबी गर्नुभन्दा 'यो अत्यन्त असामान्य र जटिल अवस्था हो, जसको समाधानका लागि नेपालले उपलब्ध सबै अन्तर्राष्ट्रिय विशेषज्ञता परि चालन गरिरहेको छ' भन्नु बढी वैज्ञानिक र जिम्मेवार देखिन्छ।

***संसारमा यस्ता उदाहरण छैनन् त ?***

सुरुङ दुर्घटना संसारका लागि नयाँ विषय होइन। सन् २०२३ मा भारतको सिल्क्यारा सुरुङमा ४१ जना श्रमिक १७ दिनसम्म फसेका थिए। उनीहरूको उद्धारका क्रममा विभिन्न ड्रिलिङ प्रविधि, पाइप राख्ने विधि, म्यानुअल उत्खनन र वैकल्पिक पहुँचमार्ग जस्ता उपाय प्रयोग गरिएका थिए। उक्त घटनाले अत्यन्त जटिल सुरुङ उद्धारमा पनि एउटै प्रविधिले होइन, परि स्थिति हेरेर विभिन्न प्रविधि र विशेषज्ञताको संयोजनले काम गर्नुपर्ने देखाएको थियो।

तर सिल्क्यारा र रसुवाको घटना समान हुन् भन्नु पनि सही हुँदैन। भूगर्भ, सुरुङको डिजाइन, पानीको मात्रा, गेग्रानको प्रकृति, पहुँचमार्ग र संर चनात्मक जोखिम फरक हुन सक्छन्। त्यसैले सिल्क्यारामा सफल भएको विधि रसुवामा पनि त्यही रूपमा सफल हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिँदैन।

यही कारणले अहिलेको बहसलाई 'सिल्क्यारामा भयो, रसुवामा किन भएन ?' भन्ने सरल राजनीतिक प्रश्नमा सीमित गर्नुहुँदैन। सही प्रश्न के हुन्छ भने संसारमा उपलब्ध सबै अनुभवबाट रसुवाको विशिष्ट परिस्थितिका लागि के सिक्न सकिन्छ ?

***एआईको प्रसङ्ग***

प्रधानमन्त्रीले संसद्मा आफ्नो अभिव्यक्तिका क्रममा मानिसहरूले गुगल र एआई प्रयोग गरेर उद्धार सम्बन्धी जानकारी खोजिरहेको प्रसङ्ग समेत उठाएका थिए। यो प्रसङ्ग आफैंमा रोचक छ।

आजको कृत्रिम बुद्धिमत्ता (एआई) ले संसारभर भएका हजारौं प्राविधिक घटना, अनुसन्धान र अनुभवबाट सम्भावित विकल्पहरू पहिचान गर्न सहयोग गर्न सक्छ।

कसैले एआईलाई सोध्यो भने- 'पानी, लेदो र गेग्रानले भरिएको जलविद्युत् सुरुङमा मानिस फसेका छन् भने विश्वमा के-कस्ता उद्धार विधि प्रयोग भएका छन् ?' एआईले विभिन्न अन्तर्राष्ट्रिय उदाहरण, सम्भावित प्रविधि, जोखिम र विशेषज्ञताको क्षेत्रबारे तत्काल जानकारी दिन सक्छ।

तर एआई इन्जिनियर वा उद्धार टोलीको विकल्प होइन। उसले सम्भावित विकल्प देखाउन सक्छ; सुरुङभित्रको वास्तविक चट्टान, पानीको दबाब वा संरचनाको अवस्था आफैं परीक्षण गर्न सक्दैन। अन्तिम निर्णय फिल्डमा रहेका भूगर्भविद्, टनेल इन्जिनियर, संर चनाविज्ञ, उद्धार विशेषज्ञ र अन्य प्राविधिकले गर्नुपर्छ।

त्यसैले एआईको सबैभन्दा उपयोगी भूमिका 'उत्तर दिने' भन्दा 'सही प्रश्न र सम्भावित विकल्प पहिचान गर्न सहयोग गर्ने' हुन सक्छ।

***सङ्कटमा नेतृत्वको भाषा पनि महत्त्वपूर्ण हुन्छ***

विपद्को समयमा प्रधानमन्त्रीले सबै प्रश्नको उत्तर आफैं दिनुपर्छ भन्ने अपेक्षा गर्नु उचित हुँदैन। जनताले खोजेको कुरा 'सरकारसँग चमत्कारी समाधान छ कि छैन' भन्ने मात्र होइन; 'सरकारले सम्भव भएका सबै उपाय प्रयोग गरिरहेको छ कि छैन' भन्ने हो।

त्यसैले प्रधानमन्त्रीले संसद्मा यस्तो भन्नुभएको भए अझ प्रभावकारी हुन्थ्यो :

'यो अत्यन्त जटिल र चुनौतीपूर्ण उद्धार कार्य हो। नेपालसँग उपलब्ध सबै स्रोत र जनशक्ति परिचालन गरिरहेका छौं। आवश्यक अन्तर्राष्ट्रिय विज्ञता र प्रविधिको समेत सहयोग लिइरहेका छौं। सबै सम्भावित विकल्पको अध्ययन गर्दै सामूहिक रूपमा उद्धार प्रयास गरिरहेका छौं।'

यस्तो अभिव्यक्तिले सरकारको कमजोरी देखाउँदैन। बरु जिम्मेवार नेतृत्व र प्राविधिक विनम्रता देखाउँछ। सङ्कटको समयमा नागरिकलाई झुटो आश्वासन पनि दिनुहुँदैन र निराश बनाउने गरी असम्भवताको घोषणा पनि गर्नुहुँदैन। आशा र यथार्थ बीच सन्तुलन कायम गर्नु नेतृत्वको परीक्षा हो। अबको प्रश्न उद्धारपछि पनि बाँकी रहन्छ । रसुवाको घटनाले तत्काल फसेका मानिसको उद्धार कसरी गर्ने भन्ने प्रश्न मात्र उठाएको छैन। यसले नेपालको जलविद्युत् सुरक्षा र राष्ट्रिय विपद् तयारीमाथि पनि गम्भीर प्रश्न उठाएको छ।

नेपालमा दर्जनौं जलविद्युत् आयोजना सुरुङमा आधारित छन्। हिमाली क्षेत्रमा हिमपहिरो, पहिरो, आकस्मिक बाढी र भूगर्भीय जोखिम भविष्यमा पनि रहिरहनेछन्। त्यसैले यस्तो घटना फेरि नहोस् भनेर मात्र होइन, फेरि भयो भने नेपालसँग त्यसको सामना गर्ने विशेषज्ञता र उपकरण तयार र हुन् भन्ने सोच आवश्यक छ।

नेपालले विशेषीकृत टनेल रेस्क्यु क्षमता विकास गर्नुपर्छ। अत्याधुनिक उपकरण, प्रशिक्षित उद्धार टोली, सुरुङको आपत्कालीन नक्शाङ्कन, नियमित अभ्यास, वैकल्पिक पहुँचमार्गको पूर्वयोजना र अन्तर्राष्ट्रिय विशेषज्ञसँग स्थायी सहकार्य अब विलासिता होइनन्।

***अन्ततः कुरा बालेनको मात्र होइन***

प्रधानमन्त्रीको एउटा वाक्यलाई लिएर पक्ष र विपक्षमा बहस गर्न सजिलो छ। तर रसुवाको विपद्ले उठाएको प्रश्न त्योभन्दा ठूलो छ। प्रविधिको सीमा हुन सक्छ; तर खोजको सीमा हुनुहुँदैन।

प्रधानमन्त्री इन्जिनियर भएकाले हामीले उहाँबाट चमत्कारी समाधानको अपेक्षा गर्नु आवश्यक छैन। तर हामीले अपेक्षा गर्न सक्छौं- उहाँले समस्यालाई वैज्ञानिक ढङ्गले परिभाषित गर्नुहोस्, अनिश्चिततालाई स्वीकार गर्नुहोस्, आफ्नो सीमाभन्दा बाहिरको ज्ञान खोज्नुहोस् र संसारभर उपलब्ध विशेषज्ञता तथा प्रविधिलाई एउटै उद्देश्यका लागि परिचालन गर्नुहोस्।

आजको संसारमा कुनै पनि देश सबै ज्ञानको मालिक छैन। राष्ट्रको नेतृत्व भनेको सबै कुरा आफैं जान्नु होइन; सही समयमा सही ज्ञान भएको मानिस र संस्थालाई खोजेर एउटै उद्देश्यका लागि परिचालन गर्नु हो।

रसुवाको उद्धार अभियानले नेपाललाई यही पाठ सिकाइरहेको छ। सङ्कटको घडीमा सबैभन्दा बलियो वाक्य शायद 'हामीसँग यसको कुनै उपाय छैन' होइन, बरु 'हामीलाई यसको जटिलता थाहा छ, हामी सबै सम्भावित उपाय खोजिरहेका छौं र हामी एक्लै छैनौं।' साभार :अनलाइनडटकम

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘राष्ट्रिय अल्छी दिवस’, के हो यसको उद्देश्य ?

## तर कल्पना गर्नुस्, यदि वर्षमा एउटा दिन ‘अल्छी बन्न पाइन्छ’ भनेर औपचारिक छुट्टीजस्तै मनाउन मिल्यो भने के होला ?



लगातार काम गरिरहँदा शरीर र मस्तिष्क थाक्छ। पर्याप्त आराम नपाउँदा तनाव, थकान र मानसिक दबाब बढ्न सक्छ। यस्तो अवस्थामा केही समय विश्राम लिनुले फेरि काममा फर्किंदा ऊर्जा र एकाग्रता बढाउन सहयोग गर्न सक्छ।

अर्थात्, आराम र अल्छीपनबीचको फरक बुझ्न जरुरी छ। आवश्यक कामबाट सधैँ भाग्नु अल्छीपन हुन सक्छ, तर थकित शरीर र दिमागलाई केही समय आराम दिनु भने स्वस्थ दिनचर्याको हिस्सा हुन सक्छ।

*अल्छीपनसँग जोडिएका केही रोचक तथ्य*

अल्छीपनमा आनुवंशिक पक्षको पनि भूमिका हुन सक्छ। मानिस कति सक्रिय वा निष्क्रिय हुन्छ भन्नेमा वातावरणसँगै आनुवंशिक तथा जैविक पक्षले पनि प्रभाव पार्न सक्ने विभिन्न अध्ययनले देखाएका छन्। त्यसैले अल्छीपनलाई केवल इच्छाशक्तिको कमी वा चरित्रको कमजोरीका रूपमा मात्र बुझ्न सकिँदैन।

*खाली दिमागले पनि काम गरिरहेको हुन्छ*

हामी केही नगरी बसिरहेका बेला दिमाग पूर्ण रूपमा निष्क्रिय हुँदैन। आराम वा खाली समयमा मस्तिष्कको ‘डिफल्ट मोड नेटवर्क’ सक्रिय हुन सक्छ, जसले कल्पना, आत्मचिन्तन र नयाँ विचार निर्माणमा भूमिका खेल्छ। त्यसैले, कहिलेकाहीँ ‘केही नगरी बस्नु’ बाटै नयाँ विचार जन्मिन सक्छ।

*आरामले बर्नआउटबाट जोगाउन सक्छ*

निरन्तर काम गरिरहँदा मानिस मानसिक र शारीरिक रूपमा थकित हुन सक्छ। बीचमा पर्याप्त आराम गर्दा ऊर्जा पुनः प्राप्त गर्न र लामो समयसम्म काम गर्ने क्षमता कायम राख्न मद्दत मिल्न सक्छ।

*जनावर पनि धेरै समय आराम गर्छन्*

घरपालुवा जनावरलाई हेर्नुस्, बिरालो घण्टौँसम्म सुतिरहेको हुन्छ, कुकुर पनि खेल्ने र खानेबाहेक पर्याप्त समय आराममै बिताउँछ। प्रकृतिमा पनि धेरै जनावरहरू आफ्नो समयको ठूलो हिस्सा आराम गरेर बिताउँछन्। मानिस भने जिम्मेवारी र व्यस्त जीवनशैलीका कारण निरन्तर सक्रिय रहने प्रयास गर्छ।

*आजको दिन कसरी मनाउँदै छन् त ?*

राष्ट्रिय अल्छी दिवस मनाउन कुनै ठूलो तयारी आवश्यक पर्दैन। बरु तयारी नै नगर्नु यसको सबैभन्दा सजिलो उपाय हुन सक्छ।

*आफूलाई ‘अल्छी’ भनेर दोष नदिनुहोस्*

सबैभन्दा महत्त्वपूर्ण कुराआराम गरेकोमा अपराधबोध महसुस गर्नुहुँदैन। हरेक दिन केही न केही गर्नैपर्छ भन्ने दबाबबीच कहिलेकाहीँ ‘आज म केही गर्दिनँ’ भन्न सक्नु पनि आत्महेरचाहको एउटा रूप हुन सक्छ।

बिहानको अलार्म बज्छ। आँखा खुल्छ, तर उठ्ने जाँगर हुँदैन। ‘अझै पाँच मिनेट’ भन्दै मोबाइल सिरानीमुनि राखिन्छ। पाँच मिनेट दस मिनेट हुन्छ, दस मिनेट आधा घण्टा। उठिसकेपछि पनि ओछ्यान छाड्न मन लाग्दैन।

कामको सूची लामै छ, तर मनले भन्छ, ‘आज चाहिँ केही नगरौँ।’

यस्तै रमाइलो अवधारणासहित हरेक वर्षको एक दिन राष्ट्रिय अल्छी दिवस मनाइन्छ।

*राष्ट्रिय अल्छी दिवसको उद्देश्य*

राष्ट्रिय अल्छी दिवस नाम सुन्दा जति रमाइलो छ, यसको उद्देश्य पनि त्यत्तिकै सरल छ, केही समय काम, जिम्मेवारी र निरन्तर दौडधुपबाट टाढा रहेर आराम गर्नु।

आज ‘व्यस्त हुनु’ नै उपलब्धिको प्रमाणजस्तो बन्न थालेको छ। बिहानदेखि बेलुकासम्म काम, पढाइ, घरायसी जिम्मेवारी, सामाजिक सञ्जाल र विभिन्न दबाबबीच मानिसले आफूलाई आराम दिने समयसमेत कम गर्दै गएका छन्। त्यसैले, यो दिवसले एक दिन भए पनि आफूलाई रोक्न, आराम गर्न र ‘आज केही नगर्दा पनि हुन्छ’ भन्ने महसुस गर्न प्रेरित गर्छ।



*कहिले मनाइन्छ ?*

राष्ट्रिय अल्छी दिवस हरेक वर्ष अगस्ट १० मा मनाइन्छ। यो कुनै सरकारी रूपमा घोषणा गरिएको सार्वजनिक बिदा भने होइन। बरु, रमाइलो र अनौपचारिक दिवसका रूपमा यसको चर्चा हुँदै आएको छ।

यस दिन कामै नगरी बस्नुपर्छ भन्ने बाध्यता पनि छैन। आफ्नो व्यस्तताबाट केही समय निकालेर आराम गर्नु, मनपर्ने काम गर्नु वा केही समय ‘केही नगरी’ बिताउनु नै यसको मुख्य भाव हो।

*कहाँबाट सुरु भयो ?*

राष्ट्रिय अल्छी दिवसको सुरुवात कसरी भयो भन्नेबारे ठोस र प्रमाणित इतिहास स्पष्ट छैन। यसको संस्थापक वा पहिलोपटक कसले अगस्ट १० लाई अल्छी दिवसका रूपमा मनाउन थाले भन्नेबारे पनि विश्वसनीय विवरण भेटिँदैन।

यद्यपि, यो दिवसले विशेषगरी संयुक्त राज्य अमेरिकामा सन् २००० को दशकको सुरुवाततिर लोकप्रियता पाउन थालेको बताइन्छ। त्यसपछि सामाजिक सञ्जाल र लोकप्रिय संस्कृतिमार्फत अन्य देशमा पनि यसको चर्चा फैलिँदै गएको हो।

*अल्छी हुनु सधैँ नराम्रो हो त ?*

‘अल्छी’ शब्द सुन्नेबित्तिकै धेरैको दिमागमा काम गर्न नचाहने, समय खेर फाल्ने वा जिम्मेवारीबाट भाग्ने मानिसको चित्र आउँछ। तर हरेक पटक आराम गर्नु अल्छीपन होइन।

# रुस-युक्रेन युद्ध अन्त्य गर्न अमेरिकाको नयाँ शान्ति प्रयास

एजेन्सी

काठमाडौं २० भदौ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चार वर्षभन्दा लामो समयदेखि जारी युक्रेन युद्ध अन्त्य गर्ने प्रयासस्वरूप आफ्ना विशेष दूत स्टिभ विट्कफ र जेरेड कुशनरलाई मस्को र किएभ पठाउने घोषणा गरेका छन्।

ट्रम्पका अनुसार दुवै वार्ताकारले शान्ति सम्झौताको सम्भावना खोज्नेछन् र युद्ध अन्त्य गर्ने प्रस्तावसमेत लिएर जानेछन्। उहाँहरूले शनिबार मस्कोमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र आइतबार किएभमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग भेटवार्ता गर्ने बताइएको छ।



युक्रेनका एक वरिष्ठ अधिकारीका अनुसार विट्कफ र कुशनर आइतबार किएभ पुग्ने कार्यक्रम छ। तर, क्रेमलिनले उनीहरूको भ्रमणबारे तत्काल कुनै टिप्पणी गरेका छैनन्।

ट्रम्पले आफूले पठाएका दुवै वार्ताकारले यसअघि गाजा र इरानसम्बन्धी युद्धविराम वार्तामा महत्वपूर्ण भूमिका खेलेको बताए। उहाँले शान्ति स्थापनाका लागि आफ्नो प्रशासनसँग स्पष्ट योजना रहेको दाबी गरे। यद्यपि, प्रस्तावमा युक्रेनले आफ्नो भूभागको केही हिस्सा रुसलाई छोड्नुपर्ने विषय समावेश छ कि छैन भन्नेबारे ट्रम्पले स्पष्ट पारेनन्।

*युद्धका क्रममा बढ्दो आक्रमण*

अमेरिकी कूटनीतिक प्रयास भइरहेका बेला रुस र युक्रेनबीच लामो दूरीका क्षेप्यास्त्र तथा ड्रोन आक्रमण भने तीव्र बनेका छन्। पछिल्ला आक्रमणका कारण सर्वसाधारणको मृत्यु र घाइते हुने क्रम पनि बढेको छ। ट्रम्पको घोषणा हुनुभन्दा केही घण्टाअघि रुसी ड्रोनले युक्रेनको राजधानी किएभस्थित सुरक्षा सेवाको मुख्यालयमा आक्रमण गरेको युक्रेनी राष्ट्रपति जेलेन्स्कीले बताए। उनका अनुसार आक्रमण सुरक्षा निकायका कार्यवाहक प्रमुखको कार्यालयलाई लक्षित गरिएको थियो। युद्ध सुरु भएयता सुरक्षा सेवा मुख्यालयमा भएको यो पहिलो आक्रमण भएको बताइएको छ।

आक्रमणपछि जेलेन्स्कीले अमेरिकी दूतहरूको भ्रमण अवधिभर अस्थायी युद्धविरामको प्रस्ताव गरे। उनले युक्रेनले उक्त अवधिमा हवाई आक्रमण नगर्ने र रुसले पनि पारस्परिक रूपमा हवाई आक्रमण रोक्नुपर्ने बताए। रुसले उक्त प्रस्तावबारे तत्काल प्रतिक्रिया जनाएको छैन।

यसअघि जेलेन्स्कीले रुसले युद्ध जारी राखे युक्रेनी ड्रोनका कारण रुसी हवाई क्षेत्र सुरक्षित नरहने चेतावनी दिएका छन्।

*शान्ति प्रयासमा नयाँ पहल*

विट्कफ र कुशनरको भ्रमण ट्रम्प दोस्रो पटक अमेरिकी राष्ट्रपति बनेपछि उहाँहरूको युद्धग्रस्त किएभ भ्रमणको पहिलो अवसर हुनेछ। दुवै जना यसअघि रुससँगको कूटनीतिक प्रयासका क्रममा पटक-पटक मस्को पुगेका थिए।

उनीहरूको भ्रमण अमेरिकी गुप्तचर निकायका प्रमुख जोन र्याट्क्लिफको हालैको मस्को भ्रमणपछि हुन लागेको हो। अमेरिकी सञ्चारमाध्यमका अनुसार र्याट्क्लिफले रुसलाई उत्तर एटलान्टिक सन्धि संगठनका सदस्य राष्ट्रमाथि आक्रमण नगर्न चेतावनी दिएका छन्।यस्तै, यसै साता अमेरिकाले उत्तर क्यारोलिनामा भएको बीस राष्ट्र समूहको बैठकमा रुसी अर्थमन्त्रीको सहभागितालाई स्वागत गरेको थियो।

ट्रम्प प्रशासनको पछिल्लो पहलले रुस-युक्रेन युद्ध अन्त्य गर्न कूटनीतिक बाटो पुनः खोल्ने प्रयासलाई तीव्र बनाएको छ। तर, युद्धविराम र सम्भावित शान्ति सम्झौताका मुख्य सर्तहरूमा मस्को र किएभबीच अझै गहिरो मतभेद कायम छन्।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# चाडपर्व नजिकिँदै, सर्लाहीमा खाद्यान्नको भाउ अकासियो

## चिनी प्रतिकिलो १४० रुपियाँसम्म, मूल्यवृद्धिप्रति उपभोक्ता आक्रोशित



दैनिक समाचारदाता

सर्लाही, २० भदौ । चाडपर्व नजिकिँदै गर्दा सर्लाहीमा चिनी, तेल, चामललगायत खाद्यवस्तुको मूल्य अस्वाभाविक रूपमा बढ्न थालेको छ। विपत्तिका कारण बजार अनुगमन गर्ने निकायसमेत राहत तथा उद्धारलगायतका काममा व्यस्त रहेका बेला खाद्यवस्तुको मूल्य बढेपछि उपभोक्ता मारमा परेका छन्।

बजारमा चिनीको मूल्य प्रतिकिलो १४० रुपियाँसम्म पुगेको उपभोक्ताले बताएका छन्। मलङ्वा, हरिवन, बरहथवा, बयलवास र लालबन्दीलगायत मुख्य बजारमा चाडपर्वको मुखमा खाद्यवस्तुको मूल्य निरन्तर बढिरहेको उनीहरूको गुनासो छ।

सीमावर्ती पर्सा गाउँपालिका-२ सङ्ग्रामपुरका सेख जमसैदले भारतीय बजारबाट खाद्यान्न ल्याउन प्रहरीले कडाइ गरेपछि नेपाली बजारमा चिनी, तेल, चामललगायत वस्तुको मूल्य बढेको बताउनुभयो। उहाँका अनुसार सीमावर्ती क्षेत्रमा भारतीय बजारमा निर्भर उपभोक्ता नेपाली बजारको महँगो मूल्यका कारण थप समस्यामा परेका छन्।

ईश्वरपुर नगरपालिका-७ बयलवासका रामनरेश महतोले भोटेकोशी बाढीपछि चीनसँगको नाका बन्द हुनु तथा केही महिनादेखि भारतबाट सामान ल्याउन कडाइ गरिएको जस्ता कारण देखाउँदै बजारमा खाद्यवस्तुको मूल्य बढाइएको बताउनुभयो।

चाडपर्वको समय नजिकिँदै गर्दा खाद्यान्नको मूल्य अझै बढ्ने हो कि भन्ने चिन्ता सर्वसाधारणमा देखिएको छ। ग्यासको अभाव क्रमशः कम हुँदै गए पनि चिनीसहित खाद्यवस्तुको मूल्य बढ्दा न्यून आय भएका परिवार बढी प्रभावित भएको लालबन्दी नगरपालिका-६ जनवादी चोकका राजन पोखरेलले बताउनुभयो।

स्थानीयका अनुसार बजार क्षेत्रदेखि ग्रामीण भेगसम्मका पसलमा खाद्यवस्तुको मूल्य बढेको छ। मूल्यवृद्धिसँगै कालोबजारी हुन सक्ने भन्दै उपभोक्ताले तत्काल बजार अनुगमन गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले चाडपर्वलाई लक्षित गरी बजार अनुगमनको तयारी भइरहेको बताउनुभयो। सङ्कटका बेला कसैले कालोबजारी वा अस्वाभाविक मूल्य असुल गरेको पाइए तत्काल स्थानीय प्रशासनलाई सूचना दिन उहाँले आग्रह गर्नुभयो।

उहाँले कालोबजारी तथा अस्वाभाविक मूल्यवृद्धिको सूचना प्राप्त भए तत्काल अनुगमन टोली परिचालन गरी दोषीमाथि हदैसम्मको कारबाही गरिने चेतावनी दिनुभयो। विपत्तिको समयमा सहयोग गर्नुपर्ने अवस्थामा व्यापारी, उद्योगी तथा व्यवसायीलाई कृत्रिम अभाव सिर्जना गरी मूल्यवृद्धि नगर्न पनि स्थानीय प्रशासनले आग्रह गरेको छ।

## जन्माष्टमीमा.....

कुरुक्षेत्रको महायुद्धमा अर्जुनलाई भगवान् श्रीकृष्णले देखाउनुभएको कर्म र धैर्यको मार्ग आत्मसात् गर्दै मधेशको भाइचारा र करुणाको भूमिबाट पीडितलाई सहयोग तथा राहत पुऱ्याउने सङ्कल्प गर्न उहाँले सबैमा आग्रह गर्नुभएको छ।

मुख्यमन्त्री यादवले श्रीकृष्णजन्माष्टमीजस्ता धार्मिक तथा सांस्कृतिक पर्वले समाजमा आपसी एकता, भाइचारा, सहिष्णुता र सामाजिक सद्भावलाई थप सुदृढ बनाउने बताउनुभएको छ। मधेश प्रदेश बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा विविध संस्कृतिले समृद्ध रहेको उल्लेख गर्दै उहाँले यस्ता पर्वले सामाजिक एकता र सद्भाव अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभएको छ। मुख्यमन्त्री यादवले भगवान् श्रीकृष्णको जीवनदर्शनले सत्यको पक्षमा उभिन, अन्यायको विरोध गर्न, कर्तव्यप्रति निष्ठावान् रहन तथा प्रेम, करुणा, सहिष्णुता र सद्भावका साथ अघि बढ्न प्रेरणा दिने उल्लेख गर्नुभएको छ। उहाँले श्रीकृष्णको कर्मयोग र लोककल्याणको सन्देश वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक रहेको बताउनुभएको छ।

उहाँले श्रीकृष्णजन्माष्टमीले विभेद र वैमनस्यबाट माथि उठ्दै समतामूलक, शान्त, समृद्ध तथा सुशासनयुक्त मधेश निर्माणका लागि सबैलाई एकताबद्ध भएर अघि बढ्न प्रेरणा दिने विश्वास व्यक्त गर्नुभएको छ।

# त्रिशूली-१ को टनेलबाट ११ दिनपछि चिनियाँ नागरिकको उद्धार

## नेपाली सेना र दक्षिण कोरियाली विज्ञ टोलीको संयुक्त प्रयासमा सकुशल उद्धार



दैनिक समाचारदाता

काठमाडौँ, २० भदौ । बाढीका कारण प्रभावित माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजना (२१६ मेगावाट) को अडिट-४ टनेलबाट ११ दिनपछि एक जना चिनियाँ नागरिकको सकुशल उद्धार गरिएको छ।

नेपाली सेना र दक्षिण कोरियाको डिजास्टर विज्ञ टोलीले संयुक्त रूपमा टनेलभित्र फसेका ती चिनियाँ नागरिकलाई शनिबार उद्धार गरेको हो।

उद्धार गरिएका नागरिकलाई उपचार तथा स्वास्थ्य परीक्षणका लागि नुवाकोटको त्रिशूलीस्थित मैथिली ब्यारेकतर्फ ल्याइएको जनाइएको छ।

बाढी गएको ११औँ दिनमा लामो समयदेखि टनेलभित्र फसेका नागरिकको सकुशल उद्धार भएपछि उद्धार टोलीले महत्वपूर्ण सफलता हासिल गरेको छ। टनेलभित्र अझै कोही फसेको वा अन्य व्यक्ति बेपत्ता रहेको अवस्थाबारे भने थप विवरण आउन बाँकी छ।

# चीनद्वारा नेपाललाई बेलीब्रिजसहित आपत्कालीन सहायता

## भोटेकोशी बाढी प्रभावित क्षेत्रमा यातायात सम्पर्क पुनःस्थापनामा सहयोग पुग्ने

काठमाडौँ, २० भदौ । भोटेकोशी बाढीबाट प्रभावित नेपाललाई चीन सरकारले बेलीब्रिजसहित आपत्कालीन सहायता सामग्री उपलब्ध गराएको छ।

चीनको सिजाङ स्वायत्त क्षेत्र (तिब्बत) बाट पठाइएको बेलीब्रिजलगायत आपत्कालीन सहायता सामग्री सिगात्सेस्थित



रिजी बन्दरगाहमा नेपाललाई हस्तान्तरण गरिएको नेपालस्थित चिनियाँ दूतावासले जनाएको छ।

'साझा हिमाल, साझा नदी, सुख-दुःखमा ऐक्यबद्धता : नेपालको सहयोगार्थ सिजाङको तत्परता' भन्ने सन्देशसहित शुक्रबार राति उक्त सहायता सामग्री हस्तान्तरण गरिएको हो। विपद्को समयमा चीनको सहयोगले दुई देशका जनताबीचको ऐक्यबद्धता र आपसी सद्भावलाई थप उजागर गरेको दूतावासले जनाएको छ।

सहायता सामग्रीमा बेली प्यानल, सुदृढ सस्पेन्सन रड, सपोर्ट फ्रेम, ब्रिज डेकिङ र आई-बीमलगायत बेलीब्रिज निर्माणका आवश्यक उपकरण छन्। यी सामग्रीबाट विपद् प्रभावित क्षेत्रमा दुईवटा बेलीब्रिज जडान गर्न सकिने दूतावासले जनाएको छ।

पहिरो तथा बाढीबाट प्रभावित क्षेत्रमा यातायात सम्पर्क पुनःस्थापना गर्न तथा उद्धार र राहत कार्यलाई सहज बनाउन बेलीब्रिज उपयोगी हुने अपेक्षा गरिएको छ।

चीनको ल्हासास्थित विदेश मामिला कार्यालयले नेपाली महावाणिज्य दूतावासलाई उक्त सामग्री हस्तान्तरण गरेको हो। नेपालका महावाणिज्य दूत लक्ष्मीप्रसाद निरौलाले विपद्को समयमा चीनले देखाएको तत्परता र सहयोगप्रति आभार व्यक्त गर्नुभयो।


समयमै प्राप्त सहयोगले नेपाल र चीनबीचको मित्रता तथा सहकार्यको गहिरो सम्बन्धलाई थप उजागर गरेको उहाँले बताउनुभयो।




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४